म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्षः१५ अङ्कः- २२६ २०८१ असार २४ गते सोमबार 8 July 2024, Monday - पृष्ठ ४ मूल्य रू. ५/-

## प्रथम त्रैमासिक परीक्षा सुरु

हेटौँडाः हेटौँडा उपमहानगरपालिकाको शैक्षिक क्यालेण्डरअनुसार आईतबार देखि सामुदायिक विद्यालयमा प्रथम त्रैमासिक परीक्षा सुरु भएको छ। हेटौँडा उपमहानगरभित्र रहेका ७३ वटा विद्यालयमध्ये ५६ वटा विद्यालयमा परीक्षा सञ्चालन भएको हो। परीक्षामा १ कक्षादेखि १० कक्षासम्मका १२ हजार ६ सय ४९ जना विद्यार्थी परीक्षामा सहभागी भएको नगरस्तरीय शैक्षिक समन्वय समितिका परीक्षा संयोजक कृष्ण पोखरेलले जानकारी दिनुभयो। नगरस्तरीय शैक्षिक समन्वय समिति हेटौँडाले परीक्षाको प्रश्नपत्रको व्यवस्था गरेको छ। आइतबार पहिलो दिन अनिवार्य अंग्रेजी विषयको परीक्षा भएको छ। सोमबार नेपाली, मंगलबार गणित, बुधबार सामाजिक, बिहीबार विज्ञान तथा प्रविधि, शुक्रबार स्वास्थ्य शिक्षा, आइतबार स्थानीय विषयको परीक्षा हुने जनाइएको छ। कक्षा ९ र १० को ऐच्छिक प्रथम र द्वितीय विषयको परीक्षा पनि शुक्रबार र आइतबार हुने परीक्षा संयोजक पोखरेलले बताउनुभयो।

### मुख्यमन्त्री जम्कट्टेलले विश्वासको मत फेस गर्ने

## एमालेका मन्त्रीले आज राजिनामा दिने

समाज संवाददाता

हेटौँडाः बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले प्रदेश सभामा विश्वासको मत लिने हुनुभएको छ। प्रधानमन्त्री पुष्पकमल दाहालले संघीय संसदबाट विश्वासको मत लिने रणनीति बनाएसँगै मुख्यमन्त्री जम्कट्टेलले पनि विश्वासको मत लिने तयारी गर्नुभएको हो।

आइतबार काठमाडौंमा बसेको माओवादी केन्द्र संसदीय दलको बैठकले विश्वासको मत फेस गरेर अघि बढ्ने सुझाव दिएपछि मुख्यमन्त्री जम्कट्टेल सोही अनुसार तयार हुनुभएको हो। संसदीय दलका मुख्य सचेतक रत्न प्रसाद ढकालका अनुसार संसदीय दलको बैठकमा सबैले विश्वासको मत फेस गर्न सुझाव दिएको र केन्द्रबाट पनि सोही अनुसार निर्देशन प्राप्त भएकाले मुख्यमन्त्री जम्कट्टेल तयार हुनु भएको हो। विश्वासको मत लिने मिति भने एमालेका मन्त्रीहरुको राजिनामा पछि तय गरिने उहाँको भनाई छ। बैठकमा एमालेका मन्त्रीहरुको राजिनामा पछि संसद बैठकका रणनीति र भूमिकाका बारेमा छलफल भएको उहाँले बताउनुभयो।

यता बागमती प्रदेश सरकारबाट एमालेका मन्त्रीले आज सोमबार राजिनामा दिने भएका छन्। मुख्यमन्त्री शालिकराम जम्कट्टेल हेटौंडा आएलगत्तै राजिनामा दिने तयारी गरेको एमालेले सोमबार मात्र मन्त्रीहरुको राजिनामा गराउने भएको हो। आइतबार दिउँसो हेटौंडा आइपुग्नुभएका मुख्यमन्त्री जम्कट्टेलको आग्रहमा एमालेले सरकारबाट बाहिरिन सोमबारको समय निर्धारण गरेको हो। हेटौंडा आएपुगे लगत्तै मुख्यमन्त्री जम्कट्टेलसँग छलफलका लागि एमाले संसदीय दलका नेता एवम् आर्थिक मामिला तथा योजना मन्त्री जगन्नाथ थपलिया मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय पुग्नुभएको थियो।

छलफलमा क्रममा मुख्यमन्त्री जम्कट्टेलले मन्त्रिपरिषद् बैठकबाट केही निर्णय गर्नुपर्ने भएकाले त्यसपछि राजिनामा दिन आग्रह गरे पश्चात एमाले सकारात्मक भएर फर्किएको एक मन्त्रीले बताए। मुख्यमन्त्रीको एक दिन कुरिदिन आग्रह गरेपछि एमालेका नेताहरु सकारात्मक भएर फर्किएको उनले बताए। एमालेका मन्त्रीका अनुसार मुख्यमन्त्री जम्कट्टेलले केही निर्णयहरु गर्न अत्यावश्यक रहेको बताएपछि राजिनामा रोकिएको हो। सोमबार बिहान सबै मन्त्रीहरुले राजिनामा दिएर सरकार छाड्ने तयारी भएको उनले बताए।

एमालेबाट संसदीय दलका नेता एवम् आर्थिक मामिला तथा योजना मन्त्री जगन्नाथ थपलिया, वन तथा वातावरण मन्त्री केशवप्रसाद पोखरेल, खानेपानी उर्जा तथा सिंचाई मन्त्री एका लाल श्रेष्ठ, स्वास्थ्य मन्त्री रामेश्वर श्रेष्ठ र उद्योग वाणिज्य भूमि तथा प्रशासन मन्त्री प्रकाश श्रेष्ठले पदबाट राजिनामा दिने तयारी गरेका छन्। राजिनामा पछि एमालेले नयाँ गठबन्धन अनुसार कांग्रेससँगको गठबन्धनमा सरकार गठनको तयारी गर्ने जनाइएको छ।

### बागमती गाउँपालिका

## अध्यक्ष र प्रमुखविरुद्ध उच्च अदालतमा रिट दायर

समाज संवाददाता

हेटौँडाः पुर्वी मकवानपुरको बागमती गाउँपालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत विरुद्ध उच्च अदातल पाटन हेटौँडा इजलासमा रिट दायर भएको छ। आइतबार गाउँपालिकाका उपाध्यक्षसहित वडाध्यक्ष र कार्यपालिकाका सदस्यहरुले रिट दायर गरेको हो।

गाउँपालिकाका उपाध्यक्ष फणिन्द्र तिमल्सिना, वडा नम्बर ६ का अध्यक्ष टेक बहादुर डिमडुङ, ७ का वडाध्यक्ष उत्तर बहादुर भोलन, ८ का वडाध्यक्ष इन्द्रमणि तिमल्सिना र ९ का वडाध्यक्ष पुनराम घलानले संयुक्त रुपमा गाउँपालिकाका अध्यक्ष सर्केश घलान र प्रमुख प्रशासकीय अधिकृत झम्कनारायण घलानलाई विपक्षी बनाएर अदालतमा रिट दायर गर्नुभएको हो। आइतबार नै रिट दायर भएर असार २४ गते सोमबारका लागि पेशी तोकिएको छ।

रिटमा उत्प्रेरषण परमादेश माग गरिएको छ। गाउँपालिकाका अध्यक्ष सर्केश घलानले निर्णय प्रक्रियामा सहभागी नगराएको, संविधान र कानुन विपरीत गाउँपालिकाको कार्य सञ्चालन, कार्यपालिका सदस्यमाथि गैरकानुनी हस्तक्षेप गरेको र गाउँसभा गैरकानुनी ढङ्गबाट सञ्चालन गरेको रिटमा उल्लेख छ। यस्तै बजेट तर्जुमा समितिलाई जानकारी नै नगराई नीति कार्यक्रमको प्रस्ताव पेश गरेको, पालिका अध्यक्ष अधिकारको दुरुपयोग गरी कार्य सञ्चालन गर्दा पालिकाको काम पूर्णरुपमा गैरकानुनी भएको, संविधानको पूर्णरुपममा उपेक्षा भएको र एकलौटी रुपमा कार्यपालिका सञ्चालन गरेको रिटमा उल्लेख गरिएको छ।

बागमती गाउँपालिकाले आगामी आर्थिक बर्षका लागि बजेट ल्याउन सकेको छैन। यसअघि असार १० गते गाउँपालिकाका उपाध्याक्ष, केही वडाध्यक्ष र कार्यपालिका सदस्यहरुले गाउँपालिका अध्यक्षले मनोमानी ढङ्गले बजेट ल्याउन लागेको भन्दै गाउँसभा नै बहिष्कार गरेको थियो। उपाध्यक्ष अनुपस्थित भएपछि गाउँपालिका अध्यक्ष सर्केश घलान आगामी आर्थिक बर्षको नीति तथा कार्यक्रम मात्र गाउँसभामा प्रस्तुत गर्नुभएको थियो। अध्यक्षले प्रस्तुत गर्नुभएको नीति तथा कार्यक्रम भने बहुमतले पारित भइसकेको छ।




### बागमती सरकार

## क्रिकेट रंगशालालाई थप बजेट रकमान्तर गर्ने निर्णय

समाज संवाददाता

हेटौँडाः बागमती प्रदेश सरकारले भरतपुरस्थित निर्माणाधिन गौतम बुद्ध क्रिकेट रंगशालालाई करिव २ करोड रुपैयाँ बजेट रकमान्तर गर्ने भएको छ। आइतबार साँझ बसेको मन्त्रिपरिषद् बैठकले निर्माणाधिन रंगशालाका लागि १ करोड ८० लाख रुपैयाँ रकमान्तर गर्ने निर्णय गरेको हो।

प्रदेश सरकारका प्रवक्ता एवम् आन्तरिक मामिला तथा कानुन मन्त्री गंगा नारायण श्रेष्ठका अनुसार चालु आर्थिक वर्षका लागि उक्त रकम भरतपुर महानगर पालिकालाई अख्तियारी दिने निर्णय भएको हो। प्रदेश सरकार र भरतपुर महानगरपालिका बीचको २०८० कात्तिक २१ को सहमतिअनुसार क्रिकेट रंगशाला निर्माणका लागि प्रदेश सरकारको तर्फबाट व्यहोर्ने रकम मध्ये १ करोड ८० लाख रुपैयाँ थप गरिएको हो। प्रदेश सरकारले यसअघि नै सो रंगशाला निर्माणका लागि ५ करोड रुपैयाँ बजेट पठाएको उहाँले बताउनुभएको छ। थप गरिएको १ करोड ८० लाख रुपैयाँ सोमबार नै महानगरपालिकाले खर्च गर्नेगरी रकमान्तर गरिने उहाँको भनाई छ।

उक्त रंगशाला निर्माणका लागि प्रदेश सरकार र महानगरपालिका बीच साझेदारी गर्ने सहमति भएअनुसार महानगरपालिकाले तयार पारेको पहिलो चरणको लागत अनुमानको प्रस्तावका आधारमा काम सुरु गरिएको थियो। महानगरपालिकाले पहिलो चरणमा १० हजार दर्शक अट्ने प्याराफिटसहित क्रिकेट पिच र मैदान निर्माणको काम गर्ने गरी लागत अनुमान प्रतिवेदन तयार गरेको थियो। उक्त कामका लागि महानगर पालिकाले तयार पारेको लागत अनुमान प्रस्ताव अनुसार ७५ करोड रुपैयाँ लगानी लाग्ने र ७० प्रतिशत प्रदेश सरकारले व्यहोर्ने र ३० प्रतिशत रकम महानगर पालिकाले व्यहोर्ने सहमति भएको थियो।

बैठकले मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको आर्थिक वर्ष २०७९/०८० को शासकीय सुधार तथा सुशासन सम्बन्धी प्रतिवेदन स्वीकृत गरेको छ। बैठकले प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिवको वैदेशिक भ्रमण स्वीकृत गर्ने निर्णय गरेको छ। बैठकले मन्त्रालयका सचिव विनोद कुमार भट्टराईको थाइल्याण्डमा असार २९ गतेदेखि साउन ४ गतेसम्म हुने अध्ययन तथा तालिममा सहभागी हुन स्वीकृति दिने निर्णय गरेको हो।



# सम्पादकीय

## प्रकोपको पूर्वतयारी आवश्यक

शुक्रबार रातिबाट देशका विभिन्न भागमा परेको पानीले धेरैतिरको जनजीवन प्रभावित पारेको छ । निरन्तर परेको वर्षाका कारण खोला, नदीहरुमा बाढी आएको छ । पहाडी क्षेत्रमा गएको पहिरो र तराई क्षेत्रमा भएको डुबानले जनजीवन प्रभावित बनाएको छ । बाढी, पहिरो तथा डुबानबाट धनजनको क्षति भएको छ । बाढी तथा पहिरोले धेरै सडक सञ्जालमा अवरोध पुगेको छ भने केही पुलहरुमा क्षति भएको छ । गृह मन्त्रालयको नेपाल विपद जोखिम पोर्टलका अनुसार शुक्रबारदेखि आइतबारसम्म बाढी, पहिरोजस्ता एक सय ९५ वटा प्रकोपका घटना भएका छन् । तीन दिनमा प्रकोपका कारण १६ जनाको ज्यान गएको छ भने दुई जना बेपत्ता छन् । घटनामा ३२ जना घाइते भएका छन् । ४ सय परिवार प्रभावित भएको छ ।

शुक्रबार रातिदेखि परेको पानीले काठमाडौं उपत्यकासहित पूर्वी, मध्ये र पश्चिम नेपालका विभिन्न क्षेत्रमा क्षति पुगेको छ । निरन्तरको वर्षाका कारण साना-ठूला सबै नदी, खोला र खहरेमा आएको बाढीले त्रसित बनाएको छ । गाउँ, शहर र बस्तीमा बाढी पसेपछि त्रास फैलिएको । बाढीका कारण केही क्षेत्रका बस्ती डुबानमा परेका छन् । वर्षाका कारण शनिबार दिनभर धेरै सडकमा सवारी आवागमन रोकिएको थियो । ठाउँठाउँमा खसेको पहिरो तथा खोलाहरुमा आएका बाढीले अवरुद्ध भएका कतिपय सडक सञ्चालनमा आएका भए पनि केही सडक भने अझै सञ्चालनमा आउन सकेका छैनन् । मौसम पूर्वानुमान महाशाखाले आज सोमबारसम्म भारी वर्षाको सम्भावना रहेको जनाउँदै सतर्कता अपनाउन सूचना जारी गरेको छ । शुक्रबार रातिदेखि परेको पानीले हेटौंडा तथा मकवानपुर जिल्लामा पनि जनजीवन प्रभावित बनाएको छ । हेटौंडा उपमहानगर पालिकाको वडा नम्बर ५ का धेरै घरहरु डुबानमा परेका छन् । जिल्ला प्रहरी कार्यालय मकवानपुरले हेटौंडाका १९१ घर प्रभावित भएको जनाएको छ । वर्षाका कारण कान्ति लोकपथ, त्रिभुवन राजपथको बागझोरा, भैंसे-भीमफेदी सडक, कुलेखानीबाट सिस्नेरी-दक्षिणकाली, चखेल-मातातीर्थ, फाखेल-फर्पिङ सडक पनि दिनभरजस्तो अवरुद्ध भएको थियो ।

वर्षाको समयमा मनसुनी प्रभावका कारण वर्षेनि बाढी, पहिरो, डुबान र नदी कटानका समस्या देखिन्छ । भौगोलिक वनावटका कारण पहाडी क्षेत्रमा पहिरो र तराईमा बाढी तथा डुबानबाट धेरै क्षति हुने गरेको छ । पछिल्लो समय पहाडी क्षेत्रमा जथाभावी खनिएका ग्रामीण सडकका कारण पनि पहिरोको जोखिम बढ्दै गएको छ । खोला, नदीहरुको जथभावी दोहन र अतिक्रमणले बाढी, कटान तथा डुबानको समस्या बढाएको छ । अव्यस्थित खनिज पदार्थ उत्खनन् र वन विनाश प्राकृतिक प्रकोपको अर्को कारण बनिरहेको छ । यस्तै, खोला, नदी तथा खहरे अतिक्रमण गर्दा बाढी, कटान र डुबानको समस्या व्यापक बनिरहेको छ । काठमाडौं उपत्यकाको नदी किनारका बस्ती र हेटौंडाको पिप्ले, शान्तिनगर क्षेत्र डुबानमा परेको खोला तथा नदी अतिक्रमण गरिएकैले हो ।

प्राकृतिक प्रकोपका कारण विपद्जन्य घटना बढ्दै गएका छन् । वर्षाको समयमा यस्ता विपद्का घटना बढी हुने गरेको छ । विपद्जन्य घटनाबाट हुने क्षति न्यूनीकरण गर्न सरकारले आवश्यक पूर्वतयारी गर्ने गरेको भए पनि आशातित प्रभावकारी बन्न सकिरहेको छैन । प्रकोपको सम्भावित स्थानहरुमा पूर्वसतर्कता र विशेष सुरक्षाको व्यवस्थामा सरकारले थप सक्रियता देखाउनु आवश्यक बनेको छ । विपद्को समयमा जनधनको सुरक्षालाई उच्च प्राथमिकता दिनुपर्छ । यसका लागि सरकारले आवश्यक स्रोतसाधन परिचालन गर्नुपर्छ । यस वर्ष औसतभन्दा बढी वर्षा हुने पूर्वानुमान गरिएका कारण पनि बाढी, पहिरो, डुबान र कटानको समस्या बढ्ने सम्भावना रहेको छ । जोखिमयुक्त स्थानहरुमा पूर्वसतर्कता अपनाउन र बाढी तथा डुबानमा परेकाहरुको उद्दार, राहत तथा पुनस्थापनाका कार्यमा तीनै तहको सरकारले आवश्यक तयारी गर्नुपर्छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| मेष | : व्यापार–व्यवसाय मध्यमकारक रहने योग छ । |
| वृष | : भोगविलास र आनन्दप्रति मन आकर्षित हुनेछन् । |
| मिथुन | : रोकिएका कामहरु सम्पादन हुने समयको योग रहेको छ । |
| कर्कट | : परोपकारजन्य कृत्यमा सरिक भइने समय योग छ । |
| सिंह | : कर्म क्षेत्रको व्यस्तताले आत्मीयजनहरु रुष्ट हुनेछन् । |
| कन्या | : प्रतिस्पर्धी माथि विजय प्राप्त हुने समय योग देखिन्छ । |
| तुला | : उपहार र समयले साथ दिने समयको योग देखिन्छ । |
| वृश्चिक | : समय अप्ठ्यारो र झन्झटिलो रहेको देखिन्छ । |
| धनु | : साहित्यिक कृत्यमा रुची बढ्ने समय योग देखिन्छ । |
| मकर | : जिम्मेवारी ग्रहण गर्ने समय योग आएको छ । |
| कुम्भ | : प्राज्ञिक र बौद्धिक व्यक्तिहरुसँग सामीप्यता बढ्ला । |
| मीन | : परोपकारजन्य काममा सरिक भइने समय योग रहेको छ । |

# जीवनको नयाँ मूल्य



डा. डिजन भट्टराई



'गतिशीलतामा मात्रै सन्तुलन हुन्छ र सन्तुलनले गतिशील बनाउँछ । म पोखरी भएर जमिरहन सक्दिनँ, त्यसैले त नदी भएर हिमालदेखि समुद्रसम्म पुग्ने अभिलाषामा दौडिरहेको छु', सिगरेटको लामो सर्को तान्दै उहाँले जवाफ दिनुभयो ।

मैले 'काका' भनेर सम्बोधन गर्थें उहाँलाई, तर खासमा उहाँ मेरो क्लासमेट हुनुहुन्थ्यो । कालो ओभरकोट घुँडाभन्दा तल झरेको थियो । टिलिक्क टल्केको तालुका पछाडि गन्न नसकिने गरी सेता कपालहरू घुम्रिएर बसेका थिए । हातको सिगरेट मतर्फ अघि सार्दै भन्नुभयो, 'यो लेऊ ।'

'धेरै भो सिगरेट खान छोडेको', असजिलो मान्दै जवाफ दिएँ ।

उहाँले मुस्कुराउँदै भन्नुभयो, 'किन लाज लाग्यो र !'

'हैन हैन !', केही लजाउँदै, अलिकति मुस्कुराउँदै भुइँतर्फ हेरेर जवाफ दिएँ ।

'आदर्शको पनि दास नबन, केही कुराको पनि दास नबन, जीवन दोहोऱ्याएर आउन्न, स्वतन्त्र बाँच । हरेक कुराबाट स्वतन्त्र ! विचारमा पनि स्वतन्त्र ।'

'काका, तपाइँ यो उमेरमा किन विश्वविद्यालयमा सानो बच्चा जस्तै पढ्न आउनुभएको ? यो उमेरमा एम.एम. पढेर के गर्ने हो र !'

मेरो प्रश्नमा उहाँले बडो अट्टहास हाँसो हाँस्दै, मेरा कुममा धाप मार्दै भन्नुभयो, 'सुन्दर जीवन बाँच्नलाई ।'

फेरि त्यही कुरा दोहोऱ्याउँदै भन्नुभयो, 'मलाई पोखरी जस्तो होइन, जीवनलाई नदी जस्तै बनाउनु थियो, गतिशील । किनकि म दिनप्रतिदिन घट्दै गएको जीवनलाई देखिरहेको छु । मलाई लागिरहेको छ, अझै धेरै लामो यात्रा गर्नुछ, त्यसैले हतार छ । यो संयोगले पाएको सुन्दर जीवनका कुनै पल खेर फालिनुहुँदैन, मलाई प्रत्येक पल खुसी हुनु छ, हाँस्नु छ, रमाउनु छ ।

मेरो चेतना दुःखी हुन, पीडा बोक्नका लागि होइन, हरपल हाँस्नका लागि हो, रमाउनका लागि हो, आफैंले आफैंलाई हेरेर दंग हुनका लागि हो । मैले कुनै पनि पललाई अँध्यारो होइन, उज्याला र सुन्दर बाटोमा डोऱ्याउनु छ । त्यसैले म दर्शन, इतिहास, साहित्य पढिरहेको छु, जसले मलाई प्रत्येक पलमा मुस्कुराहट दिइरहेका छन् । जीवनको मूल्यबोध गराइरहेका छन् । मानव हुनुको अस्तित्व दिइरहेका छन् । बाँच्ने कला सिकाइ रहेका छन् ।'

'काका, हजुरका कुरा बढी आदर्शवादी भएनन् र !' मैले उनी बोल्दा बोल्दै रोकेर सोधें । सकिन लागेको चुरोटको ठूटोलाई लामो सर्को ताने अनि आकाशको सूर्यलाई देखाउँदै भने, 'म चरम आदर्शलाई घृणा गर्छु । आँखाले हेर्दा आँखै बिग्रने गरी चम्कने सूर्य पनि त ठिक होइन ! अनि अर्को कुरा, म आदर्श हुनकै लागि भनेर जन्मिएको पनि त होइन । कथित आदर्श शोषणमूलक समाजले निर्माण गरेको मानक हो, जसलाई मैले मान्दिनुपर्छ भन्ने केही छैन ।

म त्यो काम गर्छु, जुन मलाई राम्रो लाग्छ । मैले मेरा वरिपरिका मानिसहरुलाई हेरेको छु, सबैलाई तनाव छ, छटपटी छ, बैचैनी छ । यस्तो लाग्छ, उनीहरु यही छटपटी र बेचैनीको बोझले थिचिएर किचिइरहेका छन् । कसैलाई ठूलो मान्छे हुनु छ त कसैलाई धनी, कसैलाई ठूलो पदमा पुग्नु र प्रतिष्ठित हुनु छ । यहाँ कसैलाई माया चाहिएको छ, प्रेम चाहिएको छ । तर कसैलाई जीवन चाहिएको छैन ।'

म चुपचाप सुनिरहेको देखेर उनले थपे, 'सबैलाई हतारो छ, चटारो छ, लोभ छ, भोक र शोक छ तर कसैसँग आफ्नो जीवन छैन । उनीहरूलाई देख्दा यस्तो लाग्छ कि, भगवान्ले उनीहरूलाई महान् काम गर्न यस लोकमा पठाएका हुन्, अनि उनीहरू त्यो महान् काम गर्नका लागि छट्पटाइरहेका छन् । फेरि हेर्छु, देख्छु र सुन्छु, त्यो छट्पटी, बेचैनी, पीडामा कहीं पनि आफ्ना स्वार्थभन्दा माथि उठेर अरूको अनुहारमा खुसी दिन खोजिएको हुँदैन । उनीहरुका हरेक बेचैनीमा आफ्नो स्वार्थपूर्ति नभएको, धन-सम्पत्ति कमाउन नसकेको, प्रतिष्ठा प्राप्त नभएको वा यस्तै यस्तै आफ्नै कुराहरु हुन्छन् । कस्तो मृगमरीचिका जस्तो जीवन ! विष पिएर पीडाको छट्पटीमा खै के खोजिरहेका छन्, तर आफ्नै जीवन चाहिं आँसुको भेलमा बगिरहेको छ ।

मानिसका हरेक कर्म जीवन बाँच्ने बहाना हुन् । प्रत्येक कर्मको संघर्षमा जीवन बाँचिरहेको हुन्छ । संघर्षमा जीवन खिइँदै गइरहेको छ, खिइँदा खिइँदै एक दिन यो जीवन अन्त्य हुन्छ । तर मानिस ब्रह्मनालको चिरनिद्रामा पनि सक्ने भए शायद त्यही धन, दौलत, प्रतिष्ठाको सपना देखिरहेको हुन्थ्यो । बाँच्नका लागि आवश्यक साधनलाई साध्य मानी संयोगले एकपटक पाएको चेतनशील मन र जीवनलाई पीडा, आँसु, बेचैनी र छट्पटीमा बिताउनु आफैंमाथिको अपराध हो । मूर्खता हो र अज्ञानताको पराकाष्ठा हो ।'

'त्यसो भए वास्तविक दुःख के हो त' ? मैले प्रश्न गरें ।

उहाँले आफ्ना दाह्रीहरू विस्तारै मुसार्नुभयो । आकाशतर्फ एकटकले हेर्दै भन्नुभयो, 'जीवन धान्ने गरी खान, लाउन नपाउनु, ओत लाग्ने घर नहुनु, बिरामी हुँदा औषधि उपचार नपाउनु नै वास्तविक दुःख हो । बाँकी कुरा चाहिं दुःखका अनुभूति हुन्, दुःख हैन ।'

मलाई उहाँका कुरा चित्त बुझेन, फेरि प्रतिप्रश्न गरें, 'के त्यसो भए कसैले अपमान गऱ्यो भने दुःख लाग्दैन त ! आत्मस्वाभिमान भन्ने कुरा पनि त होला नि ! खानु-लाउनु मात्रै जीवन हो र ?'

उहाँले मेरो अनुहारमा हेरेर हल्का मुस्कुराउनुभयो । लाग्छ कि, म उहाँको अगाडि सानो बालक हुँ । अनि भन्नुभयो, 'बुद्धिहीन, मूर्ख, अनपढ र गँवारहरुले हो अरुलाई अपमान गर्ने, अर्काको आत्मस्वाभिमानमा प्रश्न उठाउने ! जो आफैं बुद्धिहीन गँवार छ, उसले कसरी कसैलाई अपमान गर्न सक्छ, जो स्वयंको कुनै मान छैन ।

दुईमा दुई जोड्दा पाँच हुन्छ भन्नेलाई दया गर्न सकिन्छ, घृणा होइन । त्यसैले छुद्र वचन बोल्ने, अरुलाई हेप्ने, अपमान व्यवहार गर्न खोज्नेहरु दयाका पात्र हुन्, रोगी हुन् । उनीहरूलाई उपचारको जरुरत छ । त्यसैले रोगीलाई माफ दिनुपर्छ । कसैले अपमान गऱ्यो भनेर दुःखी भयौ भने त तिमी पनि उनीहरू जस्तै बन्न पुग्छौ । मानव भएर यस पृथ्वीमा जन्मिएका सबै मानिसको मानवीय मूल्य बराबर छ, खाली सामाजिक, आर्थिक, राजनीतिक मूल्य मात्र फरक हो, जुन यो विभेदकारी समाजले बनाइदियो ।'

उहाँको जवाफले म अवाक् भइसकेको थिएँ । म उहाँको अगाडि सानो बालक जस्तो भएर पुनः प्रश्न गरें, 'काका ! पद, मान, प्रतिष्ठा, इज्जत, सम्पत्ति, सुन्दरताको पनि त केही अस्तित्व होला नि ! किन मानिसहरू यसैको लागि लडाइँ, झगडा र संघर्षमा लागेका छन् । यसको प्राप्तिमा पनि आनन्द त हुन्छ नि !'

उहाँले मायालु भावले मलाई हेर्नुभो अनि सानो बालकलाई सम्झाएको जसरी भन्नुभयो, 'यी सबै कुराहरु अरुमाथि हैकम जमाउने मानसिकतामा आधारित छन् । मानवीय मूल्यका विपरीत छन् ।

ज्ञान, चेतना र नैतिकता विरोधी छन् । कथित व्यवस्था, संस्कृतिले निर्माण गरेको विष घोलिएको दिमागमा उब्जिएका भाव हुन् । यसले न स्वयं आफूलाई आनन्दसँग बाँच्न दिन्छ, न अरुलाई । यस दृष्टिकोणमा शैतानी आत्माहरु छन् । ती शैतानी आत्माहरूले मनलाई दिग्भ्रमित बनाइदिएको छ, अनि मानिस दिग्भ्रमित भएर सुखको खोजीमा भड्किएर अपराध कर्ममा क्रियाशील छ । यो सबै शोषणमूलक बजार व्यवस्थाले निर्माण गरेको सामाजिक संरचनाको परिणति हो ।

मानिसलाई उत्तेजित बनाउनु, भड्काउनु, आसक्त बनाउनु र आफ्नो व्यापार बढाउने कुत्सित नियतबाट राज्य व्यवस्थासँग मिलेर यो सामाजिक प्रणाली निर्माण गरिएको हो । यो प्रणाली मानवलाई दुःखको सागरमा हाल्न गरिएको व्यापारीको प्रपञ्च हो ।'

मैले केही आशा, केही उत्साह र केही जिज्ञासामा पुनः प्रश्न गरें, 'सम्पत्ति, पद, प्रतिष्ठाले आनन्द त दिन्छ नि हैन र ?'

उहाँ शान्त तर गम्भीर भएर भन्न लाग्नुभयो, 'तिमीले जुन सम्पत्ति, पद, प्रतिष्ठालाई आनन्दको बाटो भनिरहेका छौ, त्यो तिम्रो भ्रम हो । पद, पैसा र प्रतिष्ठा पानीको फोका हो, देखिन्छ र पट्ट फुट्छ । तिमी त्यसका लागि यस धर्तीमा आएको होइनौ । तिमी सुन्दर जीवन बाँच्नका लागि आएका हौ । तिमी मानवीय कर्म गर्न आएका हौ, र त्यो कर्म स्वतन्त्र भएर गर, आनन्द लिएर गर र खुसी भएर गर । त्यही कर्मले तिमीलाई सम्पत्ति, पद, प्रतिष्ठा सबै प्रदान गर्छ ।'

म तुरुन्तै बोलें, 'आफूले सोचे जस्तो कहाँ हुन्छ र जीवन ! आफूले भनेको काम कहाँ गर्न पाइन्छ र ! कति बाधा-व्यवधान आउँछन् । असफलता, ठक्कर, हण्डर !' उहाँले मेरो कुरालाई पूरा हुन नदिई रातो अनुहार बनाएर दाह्रा नै किटुला झैं गरी बोल्न थाल्नुभयो, 'कसैले तिमीले गर्ने कर्ममा बाधा दिन प्रयास गऱ्यो भने संयमित होऊ र पुनः प्रयास गर । बारम्बार बाधा उत्पन्न गरिरहन्छ भने त्यसको निर्ममतापूर्वक प्रतिवाद गर कि त्यसको ज्यान लिएर जेलमा बस्दा पनि आनन्द आइरहोस् ।'

उहाँको भाव देखेर म केही डराएँ र विषयलाई तत्कालै मोड्न पुनः प्रश्न गरें, 'त्यसो भए आफ्नो कर्म चाहिं के गरेर थाहा पाउने हो' ? उहाँले सहज ढंगले उत्तर दिनुभयो, 'जे गर्दा तिमीलाई आनन्द आउँछ, त्यही तिम्रो कर्म हो । त्यो कर्ममा यसरी क्रियाशील होऊ कि त्यही नै तिम्रो जीवन हो । ताकि त्यो कर्ममा र आफ्नो क्रियाशीलतामा कैयौं दिन खान नपाउँदा पनि भोकको अनुभूति नहोस् ।'

मेरो प्रतिप्रश्न, 'यो त अति आदर्शवादी कुरा भएर र ? यो वास्तविक दुनियाँमा सम्भव छ त ?'

उहाँ शान्त भइसक्नुभएको थियो । मुस्कुराउँदै जवाफ दिनुभयो, 'यही भन्छौ र त तिमी दुःखमा छौ । आफ्नो बाटो स्वतन्त्रपूर्वक चयन गर्न नसक्ने तिमी कसैको दास छौ र त दुःखमा छौ । दास भएर बाँच्नु भन्दा विद्रोही भएर मर्नु हजारौं गुणा सुन्दर कुरा हो । तिमी तत्कालै यो संसारलाई बदल्न सक्दैनौ, त्यो तिम्रो वशमा पनि छैन, तर आफू त बदलिन सक्छौ नि पापीहरुको संसारभन्दा भिन्न भएर ।

त्यसैले आफ्नो जीवनको सुन्दरतालाई बुझ, यो संसारको मूल्यलाई बुझ, मानव भएर जन्मिएको संयोगलाई बुझ । यहाँ मानिसहरु पोखरीमा जमेका छन्, काँतर छन्, डरपोक छन्, लोभी छन् तर आदर्शका कुरा गर्छन् अनि खुसी खोज्छन् । तर मरुभूमिमा मृगले पानी नपाएर छट्पटाएर मरे जस्तै यिनीहरु यति सुन्दर जीवनलाई नबुझेर छट्पटाई छट्पटाई मर्छन् । यहाँ जो धेरै पापी छ, त्यो धेरै मन्दिर जान्छ, पूजा गर्छ, किनकि उसको अचेतन मनले पाप कर्मको सन्तुलन खोजिरहेको हुन्छ र त्यही सन्तुलनका लागि ऊ मन्दिर जान्छ, पूजापाठ गर्छ ।

जो केही जान्दैन, उसलाई सबैको अगाडि विद्वत्ता छाँट्नुपर्छ, जो फटाहा, ठग छ, उसलाई आदर्श र महान् मानिस हो भनेर पत्रिकामा लेखाउनुपर्छ । जो गरिब छ, उसलाई सुनका गरगहना लगाएर सबैलाई देखाउने गरी हिंड्नुपर्छ, जो आफू भित्रैदेखि कमजोर महसुस गर्छ, उसलाई साह्रो बोल्न मनपर्छ । किनकि अचेतन मन र चेतन मनबीचको सन्तुलन कायम नगरे मानिस मनोरोगी हुन्छ ।'

काका रोकिएनन्, 'त्यसैले मानिसहरु सुन्दर जीवन छोडेर कुरुप जीवनको यात्रामा हिंडिरहेका छन् । आफू मान पाउन योग्य छैनन्, त्यसैले अरुलाई अपमान गर्छन्, आफैंले आफ्नो सम्मान गर्न जान्दैनन्, त्यसैले अर्काको आत्मसम्मानमा प्रश्न गर्छन् । अनि कसरी तिमी यी मानिसलाई आदर्श मानेर हिंड्न सक्छौं ! महल, गाडी, श्रीसम्पत्तिको उपयोग गर्ने हो, आनन्द लिने हो तर त्यही प्राप्त गर्नका लागि भएको आनन्द र खुसीलाई लिलाम गर्ने त होइन नि ! मनको खुसी र शान्ति भनेको धन र सम्पत्तिमा पनि होला, तर त्यो प्राप्ति गर्ने अभिलाषा र छट्पटीमा भने पक्कै पनि छैन । कर्म गर्दै गर्दा प्राप्त गरेको सम्पत्तिको अत्युत्तम ढंगले उपयोग गर्नु नै जीवनको सुन्दर पक्ष हो ।'

मलाई उहाँको अगाडि गर्ने धेरै प्रश्नहरु त थिएनन् तर सोध्न मन लाग्यो, 'त्यसो भए मानव जीवनका लागि कति सम्पत्ति आवश्यक हुन्छ त काका' ? उहाँले स्पष्ट शब्दमा भन्नुभयो, 'आफूले सत्कर्म गरेर जति प्राप्त हुन्छ, त्यसको अधिकतम उपयोग गऱ्यो भने त्यो पर्याप्त हुन्छ ।

धन सम्पत्तिको मूल्य थाहा नपाउने, पैसाको फजुल खर्च गर्ने, अनावश्यक आवश्यकता सिर्जना गर्ने, प्रत्येक रुपैयाँमा रगत र पसिना बगेको छ भन्ने बोध नगर्ने, अर्काको अगाडि फूर्ति देखाएर हिंड्ने, अरु हात्ती चढ्यो भने आफू धुरी चढ्ने मनोवृत्ति भएकालाई हो जति नै भए पनि नपुग्ने । त्यसैले आवश्यकताको प्राथमिकता गर्न जान्नुपर्छ, त्यही नै सुख प्राप्तिको आधार हो । माटोमा सुख छ । जसले आफ्नो माटो, धरातल र उभिएको जमिन भुल्छ, ऊ पीडा, दुःख र छट्पटीमा बाँच्नुपर्ने कुरामा कुनै शंकै छैन ।'

मेरा प्रश्न विस्तारै निखँदै थिए । बाँकी रहेको प्रश्न पनि सोधिहालें, 'राम्रो नराम्रो, असल, खराब त यही शोषणमूलक समाजले बनाएको मूल्य त हो नि, अनि केलाई असल वा खराब भन्ने र ? यो निरपेक्ष विषय हो र ? सत् र असत् कर्म भनेर समाजले निर्माण गरेको मूल्य होइन र' ? शायद अलि कडै प्रश्न थियो, मेरो उहाँमाथि ।

उहाँले आफ्नै शैलीमा जवाफ दिनुभयो, 'समाजले सत् भनेको कुरा राम्रो र असत् भनेको कुरा नराम्रो हो भन्ने होइन । राम्रो वा नराम्रो त आफ्नै अन्तस्करणले जवाफ दिन्छ । हृदयका भावलाई सुन्ने हो, आफूले आफैंलाई कहिल्यै ढाँट्न सक्दैन । सत् कर्म गर्ने मानिसलाई पीडा, छट्पटी र बेचैनी हुँदैन । आफ्ना कर्महरुमा कहीं न कहीं खोट भएपछि हुने हो पश्चात्ताप, बेचैनी र दुःख । त्यसकारण खराब कर्म नै दुःखको मूल कारण हो । अमृतको रुखमा

...बाँकी पृष्ठ ३ मा

# मकवानपुरमा पनि नेपाल चार्टर्ड एकाउण्टेण्ट्स संघ गठन

समाज संवाददाता

हेटौँडाः मकवानपुर जिल्लामा पनि चार्टर्ड एकाउण्टेण्ट्स संघ (ए-क्यान) गठन भएको छ । आइतबार एक कार्यक्रमका बीच संघको मकवानपुर जिल्ला समितिको घोषणा गर्दै नवनिर्वाचित समितिलाई सपथ गराइएको छ। नेपाल चार्टर्ड एकाउण्टेण्ट्स संघको मकवानपुर जिल्ला सभापतिमा अंकित अर्याल, उपसभापतिमा किरण ढोडारी, सचिवमा रोहित धिताल, कोषाध्यक्षमा सुजिव मैनाली, सदस्यमा आकाश कुमार भेटवाल र निरज गौतम चयन हुनुभएको छ ।

नेपालमा चार्टर्ड एकाउण्टेण्ट्स संघ स्थापना भएको ४७ बर्षपछि मकवानपुर जिल्ला समिति गठन भएको हो । संघको मकवानपुर जिल्ला समिति नवौं जिल्ला समिति भएको हो । ए-क्यान बागमती प्रदेश समितिका सभापति निशान पौडेलको अध्यक्षतामा सपथग्रहण कार्यक्रम भएको हो । कार्यक्रममा ए-क्यानका केन्द्रीय समिति सदस्य सौरभ अधिकारी र अनुप अर्याल, मकवानपुर बहुमुखी क्याम्पसका प्रमुख डा. यमबहादुर सिलवाल, मकवानपुर उद्योग बाणिज्य संघका उपाध्यक्ष प्रमोदसिंह रानाभाट, अडिटर्स एसोसिएसन अफ नेपाल (अडान) का केन्द्रीय समिति उपमहासचिव राजेन्द्र ढुंगाना, अडान बागमती प्रदेश समिति अध्यक्ष रामकुमार बर्तौला, अडान मकवानपुरका अध्यक्ष पूर्णमान श्रेष्ठको पनि आतिथ्य रहेको थियो ।

कार्यक्रममा मकवानपुर बहुमुखी क्याम्पसका प्रमुख डा. यमबहादुर सिलवालले चार्टर्ड एकाउण्टेण्टहरु मकवानपुरमै संगठित हुनु मकवानपुरको विकासको मानक समेत भएको बताउनुभयो । मकवानपुर क्याम्पस व्यवस्थापन संकायको उच्च शिक्षा अध्यापन गराउने संस्था भएकोले ए-क्यानसँग सहकार्य गरेर विद्यार्थीलाई लेखासम्बन्धी अद्यावधिक विषयमा जानकारी गराउने गरी सहकार्य गर्न तयार रहेको उहाँले बताउनुभयो ।

ए-क्यानको उपस्थितिले मकवानपुरको व्यावसायिक वातावरण निर्माण पनि सहयोग पुग्ने उहाँले विश्वास व्यक्त गर्नुभएको छ । ए-क्यान मकवानपुरका नवनिर्वाचित अध्यक्ष अंकित अर्यालले मकवानपुर जिल्लामा थोरै संख्यामा चार्टर्ड एकाउण्टेण्ट रहे पनि आगामी दिनमा चार्टर्ड एकाउण्टेण्टको संख्या बढ्दै जाने विश्वास व्यक्त गर्नुभयो ।

# एम्नेष्टी इन्टरनेशनल हेटौंडाको साधारणसभा

समाज संवाददाता

हेटौंडाः एम्नेष्टी इन्टरनेशनल, समूह-६७ हेटौंडाको २५ औं वार्षिक साधारणसभा शनिबार सम्पन्न भएको छ । समूह हेटौंडाका संयोजक प्रकाश ढकालको सभाध्यक्ष तथा समूहका केन्द्रीय अध्यक्ष विपिन बुढाथोकीको प्रमुख आतिथ्यमा साधारणसभा भएको हो ।

साधारणसभामा कार्यसमितिको तर्फबाट संयोजक ढकालले प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभएको छ । यस्तै, आर्थिक प्रतिवेदन समूहका कोषाध्यक्ष पूर्णप्रसाद अर्यालले प्रस्तुत गर्नुभयो। साधारणसभाले संयोजक र कोषाध्यक्षले प्रस्तुत गर्नुभएको प्रतिवेदन सर्वसम्मत पारित गरेको छ ।

यस्तै, एम्नेष्टी इन्टरनेशनल, नेपाल बागमती प्रादेशिक भेलामा समूहको तर्फबाट प्रतिनिधि र पर्यवेक्षक पठाउने निर्णय गरेको छ। प्रतिनिधिमा हेमन्त ढुङ्गेल र अजिता पौडेल रहनुभएको छ भने पर्यवेक्षकमा अध्यक्ष ढकाललाई पठाउने निर्णय गरेको हो । संस्थाले एम्नेष्टीका सदस्यसमेत रहनुभएका मकवानपुर बहुमुखी क्याम्पसका प्रमुख डा. यमबहादुर सिलवाल र जिल्ला बार एसोसिएसन मकवानपुरकी अध्यक्ष अप्सरा बस्नेतलाई सम्मान गरेको छ । संस्थाले मानव अधिकारको क्षेत्रमा विभिन्न कार्यहरु गर्दै आइरहेको छ ।

# दुई दिनमै १४ जनाको मृत्यु

काठमाडौंः मनसुन सुरु भएयता प्राकृतिक विपत्तिमा परी देशभर ७० जनाको मृत्यु भएको छ। असार २२ र २३ गते दुई दिनको अवधिमै १४ जनाले ज्यान गुमाएका छन्। २ जना बेपत्ता छन् भने १९ जना घाइते छन् । गृह मन्त्रालय अन्तर्गतको राष्ट्रिय आपत्कालीन सञ्चालन केन्द्रका अनुसार बाढी, पहिरो, भारी वर्षाका घटनाबाट तनहुँ र स्याङ्जामा ३/३ जनाको मृत्यु भएको छ। काभ्रे, पर्वत र दाङमा २/२ तथा काठमाडौं र उदयपुरमा १/१ जनाको मृत्यु भएको छ। शुक्रबार रातिदेखिको अविरल वर्षाले तराई मधेशमा डुबान र पहाडमा पहिरोको प्रकोप देखिएको थियो। त्यसबाट १४७ परिवार प्रभावित भएका छन् । घर, सडक लगायतका भौतिक संरचनामा समेत क्षति पुगेको छ । राष्ट्रिय आपत्कालीन सञ्चालन केन्द्रमा अभिलेख भएका १०४ घटनाबाट १४ लाख ५७ हजार रुपैयाँ बराबरको क्षति भएको छ। *स्रोतः अनलाइनखबर।*

# प्रदेशका दुई जिल्लामा तीन जनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशका दुई जिल्लामा विभिन्न घटनामा परी तीन जनाको मृत्यु भएको छ। काभ्रेमा दुई र सिन्धुलीमा एक गरी तीन जनाको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ ।

शनिबार साँझ ७ बजे काभ्रेको रोशी गाउँपालिका-११ स्थित भ्याकुरे खोला तर्ने क्रममा खोलाले बगाएर दुई जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा सोही ठाउँकी ६५ वर्षीया जालमाया रुजाल मगर र उनकी भदैनी ५ वर्षीया सेतीमाय रुजाल मगर रहेको प्रहरीले जनाएको छ । दुबै जना खोलाले बगाएको ठाउँबाट ९ सय मिटर तल मृत अवस्थामा फेला परेका हुन्।

यस्तै, सिन्धुलीको कमलामाई नगरपालिका-६ स्थित राममाडीमा एक जना मृत फेला परेका छन् । सोही ठाउँस्थित मुस्कान होटलमा पाँच महिनादेखि भाडामा बस्दै आइरहेका सिन्धुपाल्चोकको त्रिपुरासुन्दरी गाउँपालिका-६ का ४१ वर्षीय नारायण बोहोरा मृत फेला परेको प्रहरीले जनाएको छ ।

ओखलढुङ्गा, सिन्धुली, सोलुखुम्बुको र खोटाङ जिल्लाको रेडबुल कम्पनीको डिलर ईन्चार्जसमेत रहनुभएका बोहोरा असार २१ गते सम्पर्कमा नआएपछि प्रहरी, उक्त कम्पनीको स्टाफ र होटल साहुको उपस्थितिमा कोठा खोल्दा मृत अवस्थामा भेटिएका थिए । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# *जीवनको नयाँ...*

अमृत नै फल्छ भने विषवृक्षमा विष नै फल्छ। खराब कर्म गरेर सुन्दर जीवनको अपेक्षा गर्नु मूर्खता हो।' प्रश्न कहाँ सकिने रहेछन् र ! नयाँ जन्मिए र मैले तत्कालै प्रतिप्रश्न गरें, 'मन-मस्तिष्कमा समाजका मूल्यहरु बोकेको मानिसले समाजले गाएको भन्दा फरक गीत गाउन सक्ला र ? समाजले संस्कृतिका नाममा हामीलाई अमृत भन्दा बढी विष दिएको जस्तो लाग्छ । अनि विषले भरिपूर्ण सामाजिक संरचनाले परम्पराको मूल्यको सापेक्षतामा नै सत् र असत् छुट्याउने होला नि त ?'


उहाँले सरल उत्तर दिनुभयो, 'त्यो सही हो । तर तिमी जत्तिको मान्छेले शोषणमूलक समाजका मूल्यहरूमा नै सत् र असत् खोजेर हुन्न नि ! नयाँ मूल्यको खोज गर्ने हो । सत्य र असत्यका नवीन मान्यताको विकास गर्न सकिन्छ। त्यसैले त उन्मुक्त हौ, दासताका बन्धनहरु चुँडाल अनि खुला आकाशमा जीवन हाँसेर बाँच भनेको । तिम्रो यो जीवनबचाइमा कसैले अवरोध गऱ्यो भने निर्ममतापूर्वक प्रतिरोध गर । यही नै जीवन हो, बाँच्नुको सार हो ।' *(स्रोतः अनलाईनखबर)*

## कम्पनीको नाम परिवर्तन हुने सम्बन्धी सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७७/१०/११ मा प्रा. लि नं. २५३६३१ मा दर्ता रियान्स निर्माण सेवा एण्ड सप्लायर्स पा. लि अङ्ग्रेजीमा Riyansh Nirman Sewa And Suppliers Pvt.Ltd. को मिति २०८१/०३/११ मा कम्पनीको एकल संस्थापकको विशेष साधारणसभा लगायत सञ्चालक समितिबाट स्वकृति प्राप्त भई साविकको नाम रियान्स निर्माण सेवा एण्ड सप्लायर्स पा. लि अङ्ग्रेजीमा Riyansh Nirman Sewa And Suppliers Pvt.Ltd. परिवर्तन भई आर एस लाइफ स्टाइल्स प्रा.लि. अङ्ग्रेजीमा RS Lifestyles Pvt. Ltd. हुने भएकोले यस नाममा रहेको सम्पूर्ण चल-अचल सम्पत्ती तथा तिर्नु व्यहोर्नु पर्ने ऋण-धन कर दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाबाट जानकारी गराइन्छ ।

# बालजागृतिका विद्यार्थीको आवाज

BALJAGRITI ENGLISH SECONDARY SCHOOL
Hetauda-2






चित्रकला

## हामी नेपाली



सन्दर्भ दाहाल

नेपाली हौं वीर
कहाँ झुक्नु शीर
उठेका छौं माथि
मिलाऔं हात साथी

थिए पुर्खा हाम्रा
मिलनसार राम्रा
हामी सबै उनैका
उज्याला छन् जुन झैं ।

हामी मनका धनी
सधैं हुन्छौं ज्ञानी
नगरौं झगडा हामी
बसाऔं राम्रो बानी

सबैसँग मिलेर
मिहिनेती बनेर
मनका हामी स्वच्छ
नाम राखौं उच्च

देश विकास गरौं
सिर्जनाले भरौं
हिमाल, पहाड, तराई
कोही छैन पराई ।

*कक्षा-७, धौलागिरी*

## सफा लुगा



बिशान्त पण्डित

सफा लुगा ओडेको छु
खेल्न, डुल्न छोडेको छु
उज्यालो झन छँदैछ
बल्ला जस्तै गर्दैछ ।

धुनुहुन्छ आमाले
बहिनी राम्री जामाले
हामी सफा भएका छौं
ठूला हुँदै गाका छौं ।

कति राम्रो लुगा छ
डोरी भरी सुका छ
फोहोर गर्न हुन्न है
अनि रोगले छुन्न है

मेरो देश बनाउँछ
कला बनाई स्वदेशमै रमाउँछ
गर्व गर्छ मेरो लुगालाई
किन्न लाउँछ बुबालाई

*कक्षा-७, धौलागिरी*

## आमा



संस्कृति थापा

नौ महिना तिमीले
राख्यौ आमा कोखमा

सारै दुख खपेर
राख्यौ मलाई सुखमा

आमा तिमी संसार
मायाको हौ भण्डार

दिन्छौ मिठो माया
शितल तिम्रो छाया

घाउ चोट लाग्दा
मलाई भोक लाग्दा

खाना दिन्छिन् छिटो
रोटी होस् या पिठो

*कक्षा-५, मुन*

# एमाले–कांग्रेस गठबन्धन अग्रगमन हुन सक्दैन: माओवादी

समाज संवाददाता

हेटौँडाः नेकपा माओवादी केन्द्र बागमती प्रदेश संसदीय दलको बैठकले एमाले-कांग्रेस गठबन्धन अग्रगमन हुन नसक्ने टिप्पणी गरेको छ । आइतबार बसेको बैठकले एमाले-कांग्रेस सत्ता समीकरण सरकार गठन मात्र नभएको र सो गठबन्धन पश्चगमनतर्फ केन्द्रीत रहेको समिक्षा गरेको हो ।

वर्तमान समयको सत्ता-साझेदारी सहमति कांग्रेस, एमालेको आवरणमा अन्य शक्तिको स्वार्थमा रहेको बैठकमा सहभागी एक सदस्यले बताए । उनका अनुसार कांग्रेस-एमाले सत्ता साझेदारी संघीयता, गणतन्त्र र व्यवस्था माथिको चुनौति हो । वर्तमान व्यवस्था विरुद्ध एमाले-कांग्रेस सत्ता समीकरण बनेको बैठकमा समीक्षा भएको उनले बताए । एमाले-कांग्रेस सत्ता साझेदारी वर्तमान व्यवस्था माथिको हस्तक्षेप भएको उनको भनाई छ ।

‘अहिलेको नयाँ सत्ता समीकरण सरकार गठनका लागि मात्र होइन भन्ने माओवादी केन्द्रको संसदीय दलको ठम्याइ हो । यो गठबन्धन अग्रगामी हुन सक्दैन । ठूला शक्तिसँगको सत्ता साझेदारी सरकार चलाउन मात्र केन्द्रीत छैन । यो समीकरण व्यवस्था माथिको हस्तक्षेप हो । स्वार्थ शक्तिहरुले निर्माण गरेको सत्ता समीकरण पश्चगमनतर्फ केन्द्रीत रहेको छ’, उनले भने । उनका अनुसार एमाले-कांग्रेस सत्ता साझेदारी संघीयता, धर्मनिरपेक्ष, समानुपातिक समावेशीताको विरुद्धमा रहेको छ । संविधान संशोधनको नाममा एमाले-कांग्रेस गठबन्धनले संघीयता, समावेशीता र व्यवस्था माथि नै धावा बोल्ने काममा अग्रसर हुने उनले बताए ।

माओवादी केन्द्र बागमती प्रदेश कमिटीका अध्यक्ष एवम् बागमती प्रदेशसभा सदस्य सरल सहयात्रीका अनुसार संसदीय दलको बैठकमा सत्ता गठबन्धन स्वभाविक प्रक्रिया भएको र त्यसका बारेमा सामान्य छलफल भएको छ । सत्ता समीकरण प्रदेशको कारण नभई केन्द्रबाटै भएकाले सोको परिणाम प्रदेशमा जोडिएर आउनु स्वभाविक भएको उहाँले बताउनुभयो । बैठकमा प्रदेश सरकार र आगामी योजनाको विषयमा केन्द्रले निर्देशित गरेअनुसार अघि बढ्ने विषयमा छलफल भएको उहाँको भनाई छ ।

अध्यक्ष सहयात्रीका अनुसार संविधान संशोधन राजनीतिक अस्थिरताको समाधान हुँदैन । संविधान संशोधन मात्र एमाले-कांग्रेसको सत्ता साझेदारी नभएको उहाँले टिप्पणी गर्नुभएको छ । राजनीतिक अस्थिरता अन्त्यका लागि संसदीय अभ्यासमा सोच र विचार परिवर्तन गर्नुपर्ने उहाँको भनाई छ । संसदीय अभ्यास सुधारका लागि समानुपातिक निर्वाचन प्रणाली र प्रत्यक्ष निर्वाचित राष्ट्रपति वा प्रधानमन्त्रीको व्यवस्था गर्नुपर्ने उहाँले स्पष्ट पार्नुभएको छ ।

## मिलन-धर्मराज स्मृति फुटबल प्रतियोगिता

# प्रदेश प्रहरी गण र हासु एफसी क्वार्टरफाइनल प्रवेश

समाज संवाददाता

हेटौँडाः मकवानपुरको मनहरी गाउँपालिकामा जारी प्रथम संस्करणको मिलन-धर्मराज स्मृति फुटबल प्रतियोगितामा बागमती प्रदेश प्रहरी गण र हासु एफसी क्वार्टरफाइनलमा प्रवेश गरेका छन् । आइतबार सम्पन्न दुईवटा खेलमा विजेता बन्दै प्रदेश प्रहरी गण र हासु एफसी क्वार्टरफाइनलमा प्रवेश गरेका हुन् ।

आइतबारको पहिलो खेलमा बागमती प्रदेश प्रहरी गण र एफवाइसी क्लबबीच प्रतिस्पर्धा भएको थियो । मनहरी गाउँपालिकाको सिमपानी मैदानमा भएको पहिलो खेलमा प्रदेश प्रहरी गणले हेटौंडा-१५ स्थित एफवाइसी क्लबलाई टाइब्रेकरमा ४-३ गोल अन्तरले पराजित गरेको हो । निर्धारित समयमा एक-एक गोलको बराबरीमा खेल रोकिएपछि नतिजाका लागि टाइब्रेकरको सहारा लिनुपरेको थियो ।

बागमतीको तर्फबाट किरण राउतले एक गोल गरेका थिए भने एफवाइसीको तर्फबाट विकेक लिम्बुले एक गोल गरेका थिए । खेलको म्यान अफ द म्याच बागमतीका गोलरक्षक विजय सारु घोषित भएका छन् । अब बागमतीले सेमिफाइनल प्रवेशका लागि बुधबार हेटौंडा फुटबल एकेडेमी र कैलाश आरएम क्लबबीचको विजेता टिमसँग प्रतिस्पर्धा गर्नुपर्नेछ । प्रतियोगिताअन्तर्गत आज सोमबार हेटौंडा फुटबल एकेडेमी र कैलाश आरएमबीच प्रतिस्पर्धा हुनेछ । यस्तै, आइतबार भएको दोस्रो खेलमा विजयी हुँदै हासु एफसी मनहरी क्वार्टरफाइनमा प्रवेश गरेको छ । एफसी मिन्था क्लबलाई टाइब्रेकरमा ५-४ गोल अन्तरले हराउँदै हासु क्वार्टरफाइनलमा प्रवेश गरेको हो । निर्धारित समयमा खेल गोलरहित बराबरीमा रोकिएपछि खेल टाइब्रेकरमा पुगेको थियो । खेलको म्यान अफ द म्याच हासु एफसीका छिरिङ लामा घोषित भएका छन् । सिमपानी युथ क्लबको आयोजनामा सञ्चालन भएको प्रतियोगितामा १२ टिमको सहभागिता रहेको छ । प्रतियोगिताको उपाधि विजेता टिमले एक लाख रुपैयाँ र उपविजेता टिमले ५० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । प्रतियोगिताको फाइनल खेल असार ३१ गते हुनेछ ।


# बधाई एवम् शुभकामना



अंकित अर्याल
सभापति

किरण ढोडारी
उपसभापति

रोहित धिताल
सचिव

सुजिव मैनाली
कोषाध्यक्ष

आकाश कुमार भेटवाल
सदस्य

निरज गौतम
सदस्य

**नेपाल चार्टर्ड एकाउण्टेण्ट्स संघ (ए-क्यान)** मकवानपुर गठनको खबरले हामी हर्षित छौं । संस्थापक समितिका पदाधिकारीहरुलाई बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

**ए. अर्याल एण्ड एसोसिएट्स**
चार्टर्ड एकाउण्टेण्ट्स
हेटौँडा-४, मकवानपुर

**सुजीव मैनाली एण्ड एसोसिएट्स**
चार्टर्ड एकाउण्टेण्ट्स
हेटौँडा-४, स्कूलरोड

**डी एण्ड डी एसोसिएट्स**
चार्टर्ड एकाउण्टेण्ट्स
हेटौँडा-४, स्कूलरोड

**बेस्ट भ्यालु म्यानेजमेन्ट एण्ड इन्भेष्टमेन्ट प्रालि**
हेटौँडा-५, भैरवरोड

**ए. भेटवाल एण्ड एसोसिएट्स**
चार्टर्ड एकाउण्टेण्ट्स
बुढानिलकण्ठ-९, मण्डिखाटार, काठमाडौं


# किरणचोक तेक्वान्दो डोजाङलाई खेलकुद सामग्री सहयोग




समाज संवाददाता

हेटौंडा: हेटौंडा-७ स्थित किरणचोक तेक्वान्दो डोजाङलाई ७ नम्बर वडा कार्यालयले खेलकुद सामग्री सहयोग गरेको छ । शुक्रबार एक कार्यक्रमका बीचमा वडा कार्यालय परिसरमा राष्ट्रिय तेक्वान्दो संघअन्तर्गत रहेको किरणचोक तेक्वान्दो डोजाङलाई तेक्वान्दो खेलको सामग्री सहयोग गरेको हो ।

डोजाङका प्रशिक्षार्थीहरुलाई प्रशिक्षणको समयमा कुनै प्रकारको कठिन परिस्थितको सिर्जना नहोस् भन्ने उद्देश्यले तेक्वान्दोमा आवश्यक १ थान बिग डमी, २ थान स्ट्यान्ड डमी र ६ थान किकिङ प्याड डोजाङका प्रशिक्षकहरुलाई वडाध्यक्ष दामोदर गौतमले हस्तान्तरण गर्नुभएको हो । किरणचोक डोजाङका प्रशिक्षार्थीहरुलाई प्रशिक्षक नारायण सिंह थिङ, केशवबहादुर कार्की र रिमेश अधिकारीले प्रशिक्षण दिने गर्नुभएको छ । डोजाङमा नियमित ६० जनाको हाराहारीमा खेलाडीहरु प्रशिक्षणमा सहभागी हुन आउने गरेका छन् । डोजाङका ३ जना प्रशिक्षकले बिहानको समयमा दुई घण्टा प्रशिक्षण दिने गर्नुभएको छ ।

सामग्री हस्तान्तरण कार्यक्रममा वडा सदस्य सन्तुमाया पाखिन, राधिका विक, दिनेश थापा मगर, वडा सचिव भैरवबहादुर कुमाल, राष्ट्रिय तेक्वान्दो संघ केन्द्रीय सदस्य नारायण सिंह थिङ, राष्ट्रिय तेक्वान्दो संघका प्रदेश सचिव भोजराज पराजुली, जिल्ला अध्यक्ष मदनकुमार श्रेष्ठ, उपाध्यक्ष केशवबहादुर कार्की र कोषाध्यक्ष दीपेन्द्र नेपालीको उपस्थिति रहेको थियो ।


# हेटौंडा रिफरेन्स ल्याबरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समय: विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशुल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

**हेटौंडा रिफरेन्स ल्याबरोटरी**

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७



# GYANDEEP SHIKSHA (G.S.) NIKETAN SECONDARY SCHOOL

Hetauda-5, Makawanpur

## हार्दिक बधाई तथा शुभकामना !



SAMARPAN NEUPANE 3.90 GPA School First
NIHARIKA CHAULAGAIN 3.88 GPA
AAVASH TIMALSINA 3.84 GPA
ANISH YADAV 3.83 GPA
PRIYANSHU BIDARI 3.83 GPA
AADARSHA PAUDEL 3.82 GPA
PURBAJA NEUPANE 3.82 GPA
NIRAV BHATTA 3.90 GPA School First
YOJANA ADHIKARI 3.80 GPA
PRATISHTHA KARKI 3.79 GPA
AAESHA SHRESTHA 3.78 GPA
JENISH PAUDEL 3.78 GPA
SISIKA BANIYA 3.78 GPA
BIPIKA GAUTAM 3.72 GPA
AADARSHA RAUT 3.70 GPA
SIDDHIKA SUBEDI 3.70 GPA
AARAMBHA BUDHATHOKI 3.68 GPA
DIPASHNA THAPA 3.67 GPA
PRASUN HUMAGAIN 3.67 GPA
ARYA TIMALSINA 3.66 GPA
SANSKRITI SHRESTHA 3.66 GPA
SARIKA TIMALSINA 3.65 GPA
ANNUSHREEYA ADHIKARI 3.64 GPA
ROJASH ADHIKARI 3.64 GPA
AADITYA MUDBHARY 3.62 GPA
ASHIM RAI 3.61 GPA
PRANJAL BANIYA 3.60 GPA
SONIYA THAPA 3.60 GPA

स्थापना कालदेखि नै उत्कृष्ट नतिजा हासिल गर्न सफल यस विद्यालयबाट २०८० सालको एसईई परीक्षामा सम्मिलित ११८ विद्यार्थीमध्ये ३.६०-४.०० जिपिए २८ जना, ३.२०-३.५९ जिपिए ४२ जना, २.८०-३.१९ जिपिए ३० जना र २.२०-२.७९ जिपिए ९ जनासहित उत्कृष्ट नतिजा ल्याउन योगदान पुऱ्याउने सम्पूर्ण विद्यार्थी, शिक्षक र अभिभावकवर्गमा हार्दिक बधाई ज्ञापन गर्दै सम्पूर्ण विद्यार्थीको उज्ज्वल भविष्यको शुभकामना व्यक्त गर्दछौं ।

ईश्वरप्रसाद लामिछाने, प्रिन्सिपल
प्रकाश बानियाँ, अध्यक्ष, शिक्षक अभिभावक सङ्घ
रमिला सापकोटा, अध्यक्ष, वि.व्य.स.
ऋषिराम उपाध्याय पोखरेल (अध्यक्ष), ज्ञानदीप बहुउद्देश्यीय सहकारी सं.लि.
एवम्
ज्ञानदीप शिक्षा (जी.एस.) निकेतन माध्यमिक विद्यालय परिवार

**Remaining Student**

| S.N. | NAME | GPA |
|---|---|---|
| 1 | NIRJAL TIMSINA | 3.59 |
| 2 | DIPESH BASNET | 3.56 |
| 3 | JAMES ALE | 3.56 |
| 4 | KEYANSA BAL | 3.56 |
| 5 | DIWASH SHRESTHA | 3.55 |
| 6 | AAVASH SHARMA BAJAGAIN | 3.54 |
| 7 | SAMRAT CHAULAGAIN | 3.54 |
| 8 | SHRIJA BASNET | 3.54 |
| 9 | PRAKRITI PAUDEL | 3.53 |
| 10 | SUDIKSHA DHAKAL | 3.53 |
| 11 | ISHAN LOPCHAN | 3.52 |
| 12 | AASMIN DANGAL | 3.50 |
| 13 | ANWESH RAJBHANDARI | 3.48 |
| 14 | ELIJA DHAKAL | 3.48 |
| 15 | PRASIDDHA KHADKA | 3.47 |
| 16 | SIDDHANT DAHAL | 3.46 |
| 17 | PIYUSH THAPA MAGAR | 3.45 |
| 18 | REDINA SHRESTHA | 3.45 |
| 19 | SUPRIYA PAUDEL | 3.45 |
| 20 | YUVARAJ YADAV | 3.44 |
| 21 | SHRISTI SHRESTHA | 3.43 |
| 22 | NIMESH TIMALSINA | 3.40 |
| 23 | SAMRIDDHI BHANDARI | 3.40 |
| 24 | NISHAL SHRESTHA | 3.39 |
| 25 | PRASHANTI BLON | 3.38 |
| 26 | SAKSHAM KHADKA | 3.38 |
| 27 | SAMPURNA GHIMIRE | 3.36 |
| 28 | PRANITA KHAREL | 3.32 |
| 29 | ANUJA PAUDEL | 3.31 |
| 30 | NISHMA NEUPANE | 3.31 |
| 31 | ABHIRAJ SHARMA | 3.30 |
| 32 | ASMIRA KC | 3.30 |
| 33 | SHREEHA KESHARI | 3.30 |
| 34 | ALISHA SAPKOTA | 3.27 |
| 35 | MANYATA PUDASAINI | 3.26 |
| 36 | PRASHANT KC | 3.26 |
| 37 | ROSHAN SHRESTHA | 3.25 |
| 38 | PRIYANSHU YADAV | 3.24 |
| 39 | SURAKSHIT BARTAULA | 3.23 |
| 40 | GRACE BABU MALLA | 3.22 |
| 41 | SWEEKRITI ALE | 3.22 |
| 42 | SAMARPAN GHIMIRE | 3.20 |
| 43 | JEEWAN SHRESTHA | 3.19 |
| 44 | ISHIKA LAMICHHANE | 3.15 |
| 45 | NIPURNA CHAUREL | 3.15 |
| 46 | PRASHNA SHRESTHA | 3.15 |
| 47 | SEBIKA DHAKAL | 3.15 |
| 48 | ANJILA ADHIKARI | 3.12 |
| 49 | APEKSHYA CHAULAGAIN | 3.10 |
| 50 | ASHMIN WAIBA | 3.10 |
| 51 | ANISH RAYAMAJHI | 3.09 |
| 52 | SUDIN NAKARMI | 3.09 |
| 53 | SUJAL PAUDEL | 3.09 |
| 54 | ANUSHKA DHODARI | 3.06 |
| 55 | DIVYA ARYAL | 3.06 |
| 56 | ROSHAN CHAULAGAIN | 3.01 |
| 57 | ATULYA RUPAKHETI | 2.99 |
| 58 | SADIKSHYA UPRETY | 2.95 |
| 59 | RIJAN GC | 2.93 |
| 60 | ANSHU DAHAL | 2.92 |
| 61 | KRISTINA SAPKOTA | 2.91 |
| 62 | SHRIJAL THAPA | 2.91 |
| 63 | RONIK PAUDEL | 2.89 |
| 64 | RONIT THAPA | 2.89 |
| 65 | SAI RAJ PANDEY | 2.89 |
| 66 | SAMIN DHAKAL | 2.89 |
| 67 | PRAJWAL SUBEDI | 2.86 |
| 68 | RAMAN PARAJULI | 2.85 |
| 69 | AAROHI KADEL | 2.81 |
| 70 | AAYUSH ARYAL | 2.80 |
| 71 | ASBIN KC | 2.80 |
| 72 | SHUBHAM SHREE ACHARYA | 2.80 |
| 73 | ABHISHEK ADHIKARI | 2.76 |
| 74 | SWASTIK GHIMIRE | 2.74 |
| 75 | ROSHNI RAJBAHAK | 2.67 |
| 76 | MELINA PAHELI | 2.65 |
| 77 | PRINCE BABU PRSAD JAISWAL | 2.64 |
| 78 | KRISHNA RAI | 2.62 |
| 79 | AAYUSH SAHANI | 2.60 |
| 80 | PRANISH MAN SANGAMI | 2.60 |
| 81 | NEHAL SHRESTHA | 2.51 |


समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ